# OPINION
# EDITORIAL

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
Nepal

**इतिहासबाट सिकिएका पाठहरूः दण्डहीनताले शान्तिलाई कमजोर बनाउँछ**

*ज्योति साङ्घेरा र टेरी साभेज*

द्वन्द्वबाट शान्तितर्फ तथा रक्तपातपूर्ण विगतबाट स्थिर भविष्यतर्फको रूपान्तरण न सजिलो हुन्छ न  सहज, यस्तो हुनै सक्दैन । संसारका धेरै द्वन्द्वोत्तर समाजहरूबाट प्राप्त अनुभवका आधारमा भन्ने हो भने यस्ता यात्राहरूको इतिहासले नेपालले सिक्नुपर्ने धेरै बहुमूल्य पाठहरूको सङ्केत गर्दछ । विगतलाई कसैले चाहँदैमा मेटाउन सकिँदैन, न त यसलाई लुकाएर राख्न वा अस्वीकार गर्न तथा बेवास्ता गर्न नै सकिन्छ भन्ने कुरा एउटा त्यस्तै पाठ हो । व्यापक उल्लङ्घन वा दुर्व्यवहार खेपेका तथा आफ्ना प्रियजनहरू गुमाएका वा बेपत्ता भएको पीडा भोगेका धेरै नेपालीका लागि विगतको अझै अन्त्य भइसकेको छैन । यसको हिंसाले अझै पनि उनीहरूको जीवनलाई ध्वस्त बनाइरहेको छः यसको विवरण ताजा छ, प्रियजन गुमाउनुपरेको निरन्तरको सम्झना हृदयविदारक छ, यसको निरन्तरको प्रभाव क्रूरतापूर्ण छ । द्वन्द्वपीडितहरूका लागि विगत अझै चालु छ । यसको सामना गरी समाधान गरेर नमिलाएसम्म समस्याग्रस्त विगतले नेपालको वर्तमान र भविष्यलाई अड्को हालिरहने छ ।

धेरै द्वन्द्वोत्तर समाजहरूमा जस्तै नेपालमा द्वन्द्वको उथलपुथलको बेलामा गरिएका उल्लङ्घन तथा दुर्व्यवहारलाई सम्बोधन गर्न देखाइएको अनिच्छा चिन्ताजनक प्रवृत्ति भइरहेको छ । द्वन्द्वको मारमा परिसकेपछि, मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई अहिले त्यस्तो शान्ति स्वीकार्न भनिएको छ जसमा तिनका आवाज र तिनको उपस्थितिसमेत असजिलो भएको छ । अचानोको चोट खुकुरीले के बुझोस् !

सन् २००८ को सुरुतिर ठूलो सङ्ख्यामा मानवअधिकार उल्लङ्घनसम्बन्धी फौजदारी मुद्दाहरूलाई सरकारले फिर्ता लियो । यी कार्यहरू “राजनीतिकरूपले अभिप्रेरित” भएकाले राजनीतिक दलहरूको दबाबमा यो काम गरिएको थियो भन्ने स्पष्ट छ । थप मुद्दा फिर्ता गर्ने कार्यलाई रोक्न सर्वोच्च अदालतले सन् २००८ मा दिएको अन्तरिम आदेशका बाबजुद यस्तो कार्य जारी रहेको छ । पछिल्लो समयमा, त्यस्ता आरोपहरू विस्तृत शान्ति सम्झौता (सम्झौता) र अन्तरिम संविधानमा कल्पना गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग (आयोग)को कार्यक्षेत्रभित्र पर्नुपर्छ भन्ने कुराका आधारमा सर्वोच्च अदालतले कतिपय मुद्दाहरूसम्बन्धी कारबाहीलाई रोकेको छ । आयोगसम्बन्धी कानुन एक वर्षभन्दा बढी समयदेखि व्यवस्थापिका-संसद्मा थन्के तापनि विशेषगरी आयोगहरूको अदालतसँग कस्तो सम्बन्ध हुने भन्ने सम्बन्धमा आयोगका कार्यादेशबारे अझै पनि निर्णय गर्न सकिएको छैन ।

अदालतबाट द्वन्द्वसँग सम्बन्धित मुद्दाहरू फिर्ता लिने कुनै पनि प्रयासले केही पक्षमा रहेको दण्डहीनताप्रति र अन्य कुराका अतिरिक्त बहुप्रतीक्षित सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूमार्फत् त्यस्तो दण्डहीनतालाई संस्थागत गर्ने रुचिलाई जनाउने छ ।

द्वन्द्वका बेला गरिएका निन्दनीय आपराधिक कार्यहरूलाई अल्पकालमा स्वीकार नगर्ने राजनीतिक आग्रह स्पष्ट छ । एउटा कुरा, नेपालको शान्ति प्रक्रियामा यस्ता व्यक्तित्वहरू समावेश छन् जसले द्वन्द्वको सन्दर्भमा आफ्नो नेतृत्वका गुणहरू स्थापना गरे । यहीँनेर धेरैले समुदायको विश्वास जित्नुका साथै साझा सिद्धान्तका लागि सङ्घर्ष गर्ने तत्परता आफूमा रहेको कुरा सिद्ध गरे । यी नेताहरूमध्ये कम्तीमा पनि केही नेताहरू मानवअधिकार उल्लङ्घन भएको खास घटना वा घटनाक्रममा आफ्नो जिम्मेवारी लुकाउन दृढ छन् । प्रत्यक्ष रूपमा विषयवस्तुमा प्रवेश गर्ने वा कुनै सार्वजनिक व्यक्तित्वलाई मुछ्न सक्ने छलफल सुरु गर्दा त्यसले त्यस्तो पक्षमा लाग्ने मानिसहरूको क्रोधलाई आकर्षित गर्ने कुरा पक्का छ । यसले शान्ति प्रक्रियामा असर पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

द्वन्द्वको समयमा गरिएका व्यापक उल्लङ्घन र दुर्व्यवहारलाई सम्बोधन नगर्नु पछाडिको दोस्रो तर्क अगाडि बढ्न इच्छुक सर्वसाधारणलाई पीडितका आवश्यकताहरूले सृजना गर्ने चुनौती हो । पीडितहरू आफूले सहेका सम्झनाहरूसँगै बाँचेका हुन्छन् । यसका साथै मेरा प्रियजनहरूलाई के भयो? तिनका कङ्कालहरू कहाँ छन्? अब मैले विगतलाई कसरी बिसाउन सक्छु ? के म यसो गर्न चाहन्छु त? भन्नेजस्ता दबाउन नसकिने प्रश्नहरू पनि आउँछन् । यस्ता हृदयविदारक प्रश्नहरू सुन्नेमात्र कार्यले कुनै पनि राष्ट्रलाई द्वन्द्वको निरन्तरको प्रभावको पीडादायी स्मरण गराइरहनेछ ।

पीडितका आवश्यकताहरूलाई सम्बोधन गर्न शान्तिको खोजीहेतु अन्य देशहरूमा सत्य निरूपण आयोगहरू स्थापना गरिएका छन् । उनीहरूको भूमिका फौजदारी अभियोजनलाई कमजोर बनाउने नभई चिलीका एक आयुक्तका शब्दमा “सम्पूर्ण सत्य र सम्भव भएसम्म न्याय”का लागि पूरकको भूमिका खेल्नु हो ।

सत्य निरूपण आयोगहरूले खेल्ने पूरकको भूमिका मूलतः उनीहरूले पीडितलाई दिने प्राथमिकता तथा उनीहरूले जोडदार रूपमा समर्थन गर्ने गरेको नवीन - प्रायः रूपान्तरणकारी - पद्धतिबाट आएको हुन्छ ।

फौजदारी न्याय कारबाहीमा पीडितहरू बढीमा कुनै व्यक्ति - आरोपित पीडक - माथि केन्द्रित कारबाहीमा मात्र सहभागी बन्न सक्छन् । अदालतलाई उल्लङ्घनका व्यापक प्रभावहरूका बारेमा काम गर्ने वा सम्भव भएसम्म कुनै

पीडितको जीवनलाई पुनर्स्थापनाको माध्यम उपलब्ध गराउने हैसियत वा कार्यादेश हुँदैन । उनीहरूको काम भनेको आपराधिकताको निर्क्यौल गर्नु, अपराधीलाई दण्ड दिनु र मुलुकको कानुनमा एवं राज्य पक्षराष्ट्र भएका सन्धिहरूमा भएका अन्तर्राष्ट्रिय दायित्वहरूमा प्रतिविम्बित सार्वजनिक रूपमा स्वीकार गरिएका मान्यताहरूलाई समर्थन गर्नु हो । यसको विपरीत, सत्य निरूपण आयोगहरू द्वन्द्वको मारमा परेकालाई पुग्न गएको हानिलाई मर्मत गर्ने चुनौतीसँग जुझ्दछन् । यो प्रक्रिया *अरूको कुरा सुन्ने* तथा पीडितहरूले आफ्ना कथाव्यथाहरू खुला रूपमा भन्नसक्ने तथा तिनका कुराहरू सम्मानपूर्वक सुनिनेछ भन्ने विश्वास निर्माण गर्ने सामान्य शिष्टताबाट सुरु हुन्छ । अर्को कदम भनेको कसरी सहयोग गर्ने भन्ने सोध्नु हो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका बढ्दो सङ्ख्याका फैसलाहरूले कैयौं विभिन्न द्वन्द्वोत्तर सन्दर्भहरूमा पीडितहरूले दिइरहेका उत्तरहरूलाई प्रतिविम्बित गर्दछन् । यसैगरी, बलपूर्वक बेपत्ता पारिएका प्रियजनका कङ्काल पत्ता लगाउने, आफ्नो प्रियजनको मृत्यु शान्तिपूर्वक भयो कि भएन वा निजका अन्तिम भनाइ के थिए भन्ने कुरा जान्ने तथा यातना दिने वा गाउँमा गएर लुटपाट र बलात्कार गर्न आदेश कसले दियो भन्ने कुरा थाहा पाएर सत्य निरूपण गर्ने कुरालाई एकनासले प्राथमिकता दिइएको हुन्छ । र यसमा पनि सत्यको निर्क्योल गरेर सत्य निरूपण आयोगहरू फौजदारी अभियोजनमा पूरकको भूमिका खेली सहयोगी हुनसक्छन् ।

अदालतमा खोजिएका सत्यतथ्य कानुनी विश्लेषण गरिनुपर्ने पुष्टि भएका प्रमाणमा आधारित हुन्छन् । तसर्थ, भएका अपराधका लागि न्याय सुनिश्चित गरेर तथा पीडितहरूलाई सार्वजनिक न्याय दिने उपाय प्रदान गरेर सत्य स्थापना गर्न यो महत्त्वपूर्ण हुन्छ । यद्यपि, अनुसन्धानमा रहेका अपराधहरू हिंसात्मक द्वन्द्वको अवस्थामा प्रमाणहरू सजिलै नष्ट हुनसक्ने अस्तव्यस्तताका बीच भएको भन्ने कुरालाई मान्ने हो भने यो सीमित हुन जानेछ ।

पीडितहरूका आवाजलाई प्राथमिकता दिने कार्यले सत्यप्रति एवं आफ्नो रूपान्तरणकारी सम्भावनाप्रति यसलाई बढी संवेदनशील बनाउँछ । दक्षिण अफ्रिकाको सत्य निरूपण तथा मेलमिलाप आयोगले कम्तीमा चार प्रकारका सत्यको पहिचान गऱ्यो । ती हुन् : **वास्तविक सत्य; वर्णनात्मक सत्य -** पीडितहरू एवं प्रायः ठूलो व्यक्तिगत मूल्य चुकाई आफूले गरेका कार्य बताउन चाहने पीडितहरूद्वारा वर्णन गरिएका कथाहरूबारे उल्लेख गर्ने; **संवादात्मक सत्य -** सरोकारवालाहरूको अन्तक्रियामार्फत् कहिलेकाहीं आउने इमानदारीको व्याख्या गर्न; तथा **पुनर्स्थापकीय सत्य -** मानिसहरूलाई आफ्नो जीवन पहिलेकै स्थितिमा फर्काउन मद्दत गर्ने सत्यताबारे उल्लेख गर्नः जस्तै ठूलो क्षति पुऱ्याएको भनी आफूले अहिले ठानेका कार्य वा नीतिहरूमा विगतमा सहभागी भएकोमा विभिन्न सार्वजनिक व्यक्तिहरूद्वारा गरिएको क्षमायाचना ।

पेरूमा यस्तै आयोगले अपराधका ढाँचाहरूको पहिचान गर्न तथा भ्रष्ट नीति र संस्थागत संस्कृतिहरूमा विस्तृत सुधारको प्रस्ताव गर्न केही चर्चित मुद्दाहरूमा विशिष्ट रूपले सत्य निरूपण गर्ने कार्यमा आफ्नो ध्यान केन्द्रित गऱ्यो । पूर्वी टिमोरको आयोगले सम्पत्ति चोरीजस्ता गैरघातक अपराधका पीडित तथा आफ्नो गल्ती स्वीकार गर्न तयार पीडकहरूबीच मेलमिलाप गराउन पहल गऱ्यो ।

यस्ता सत्य निरूपण आयोगहरूले हाल नेपालमा स्पष्ट रूपले देखिएका हुनसक्ने दण्डहीनतालाई रोक्न खोजेका छन् । उनीहरूले सर्वाधिक खराब समयमा गरिएका निकृष्ट अपराधहरूबाट सबैभन्दा पीडित व्यक्ति तथा पीडकहरूबीच त्यस्ता अपराधको पुनरावृत्ति नहुने कुरा सुनिश्चित गर्ने उपायहरू गर्न मद्दत पुऱ्याउन ती अपराधबारे खुला बहस गराउन खोजेका छन् । र ती उपायहरूको केन्द्रमा राज्यमा कानुनी शासनको जगेर्ना गर्न स्थापित संस्था अर्थात् अदालतको जवाफदेहीता रहेको छ । कुनै समाजले कम्तीमा पनि यसो गर्न सक्छ : नुरेम्बर्ग पुर्पक्षका एक अभियोजकका शब्दमा "आफ्नो चिहानमा बदलाका लागि होइन, यो कुरा नदोहोरियोस् भनेर रोइकराइ गरिरहेका"हरूलाई जवाफ दिन ।

*साङ्घेरा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय-नेपाल)का प्रमुख हुनुहुन्छ । साभेज उच्चायुक्तको कार्यालयका परिपूरण नीतिसम्बन्धी सल्लाहकार हुनुहुन्छ ।*